नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : प्रशासन/२०७९/०८०

चलानी नं: 605

सिंहदरबार,काठमाडौं

मितिः २०७९/११/८

श्री प्रशासन तथा योजना महाशाखा
श्री पर्यटन महाशाखा
श्री नागरिक उड्डयन महाशाखा
श्री संस्कृति महाशाखा
श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं ।
श्री पुरातत्व विभाग, रामशाह पथ, काठमाडौं ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाह पथ, काठमाडौं ।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं
श्री भाषा आयोग, शङ्खमुल, काठमाडौं ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
श्री नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी ।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं ।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं ।
श्री सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा ।
श्री हनुमानढोका दरवार संग्रहालय हेरचाह विकास समिति ।
श्री पाटन दरवार संग्रहालय हेरचाह विकास समिति ।
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, काठमाडौं
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौं ।
श्री नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, काठमाडौं ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं ।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, ललितपुर
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ ।
श्री पाथीभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।
श्री केचना कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम ।
श्री आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ ।
श्री नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, काठमाडौं ।
श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं ।
श्री मनकामना क्षेत्र विकास समिति, गोरखा ।

**विषय :- सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं. २०७९।८० च.नं. १९७ मिति २०७९।११।४ को सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा प्राप्त पत्र थान दुई यसैसाथ संलग्न गरी "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" को प्रभावकारी कार्यान्वयन एवं सहजीकरणका लागि आदेशानुसार अनुरोध छ ।

टेकनारायण पौडेल
उपसचिव

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## (औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

प.सं. २०७९/०८०
च. नं. औ.प्र./नीति/ १९६

मिति: २०७९/११/०४

**विषयः सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धमा।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार,
श्री संघीय मन्त्रालय/आयोग/निकाय/विभाग/कार्यालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं. २६१५
मिति २०७९/११/०५

वर्तमान सरकार गठन भएपछि सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका मुख्य सचिव र सचिवहरुलाई दिनुभएको निर्देशन एवं मिति २०७९ पुष २५ गते जारी नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गरी बढ्दो व्यापार घाटा न्यूनीकरण गर्ने, स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुको उत्पादन र उपभोगलाई जोड दिने स्पष्ट निर्देशन र कार्यक्रम रहेको। उक्त कार्यक्रम र निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा देहायका विषय र यसैसाथ संलग्न "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" को प्रभावकारी कार्यान्वयन तथा सहजीकरणका लागि सबै तहका सरकारका मन्त्रालय/आयोग र मातहतका सार्वजनिक निकायहरुमा पत्राचार गर्ने मिति २०७९/११/३ को (माननीय मन्त्रिस्तरीय) निर्णयानुसार सादर अनुरोध छ।

१. सार्वजनिक निकायले निर्देशिकाको दफा ४ मा उल्लिखित मालसामान वा वस्तु उत्पादन गर्ने स्वदेशी उत्पादक एवं नेपाली वस्तु आपूर्ति गर्ने आपूर्तिकर्ताको रोष्टर तयार गरी स्वदेशी उत्पादन नै खरिद गर्ने व्यवस्था मिलाउने,
२. आयोग/मन्त्रालय तथा मातहतका निकायहरुले आयोजना गर्ने अतिथि सत्कार एवं चिया, खाजामा अनिवार्य रुपमा नेपाली उत्पादन प्रयोग गर्ने,
३. सार्वजनिक निकायले आफ्नो उपयोगको लागि स्टेसनरी, फर्निचर-फिक्चर्स, मेसिनरी औजार जस्ता मालसामान खरिद गर्दा उपलब्ध भएसम्म नेपाली मालसामान नै खरिद गर्नुपर्ने सो नभएमा न्यूनतम पचास प्रतिशत स्वदेशी मालसामान खरिद गर्ने,
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ बमोजिम कुनै विधि छनौट गरी खरिद गर्दा विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशत सम्म महंगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम खरिद गर्ने,
५. कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखा परीक्षण गर्दा नेपाली वस्तु खरिद भए नभएको सम्बन्धमा प्रतिवेदनमा कैफियत उल्लेख गर्ने,

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. स्वदेशी माल सामान वा वस्तुको उत्पत्तिको प्रमाणपत्रको विवरण नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल च्याम्बर अफ कमर्श र मातहतका निकायले आफ्नो Website मा प्रकाशन गर्ने र सार्वजनिक निकायले सो विवरणलाई समेत आधार लिई स्वदेशी वस्तु खरिद गर्न सक्ने,

७. स्वदेशी मालसामान उत्पादन गर्ने उत्पादकहरुले सार्वजनिक निकायमा आफ्नो उत्पादनलाई सूचिकृत गराउनु पर्ने,

८. प्रदेश तथा स्थानीय तहहरुले समेत स्वदेशी वस्तु उपयोग गर्ने सम्बन्धी यस निर्देशिकालाई मार्गदर्शनको रुपमा अवलम्बन गरी खरिद गर्ने,

९. सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गरेको विवरण ३/३ महिनामा निर्देशिकाको दफा १३ बमोजिमको केन्द्रीय कार्यान्वयन तथा अनुगमन समितिमा विद्युतीय माध्यमबाट (Email: info@moics.gov.np) पठाउनुपर्ने,

१०. आयोग/मन्त्रालय तथा मातहतका निकायहरुले आफू अन्तर्गतका कार्यालयको अनुगमन गर्दा यस निर्देशिका बमोजिम स्वदेशी वस्तु खरिद भए नभएको सूचकलाई प्राथमिकतामा राखी अनुगमन गर्ने,

११. प्रदेश र स्थानीय तहले निर्देशिका कार्यान्वयनको अनुगमन गर्दा आफ्नै संयन्त्र बनाई अनुगमन गर्ने,

१२. निर्देशिकाको प्रभावकारी कार्यान्वयन, सहजीकरण तथा अनुगमनको अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने,

१३. "सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१" यस मन्त्रालयको Website: moics.gov.np/category/directory मा समेत उपलब्ध छ।

(चन्द्रकला पौडेल)
सहसचिव